प.लि.नं. १२७४-६७६८

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

CDS and Clearing Ltd.

पत्र संख्या : २०७६/७७-११
चलानी नं. : १४३९

मिति : २०७६।०७।०६

श्री सम्पूर्ण निक्षेप सदस्य तथा शेयर रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधिहरु,

**विषय : Death Transfer र Bo- Bo Transfer सम्बन्धमा ।**

महाशय,

उपर्युक्त सम्बन्धमा मृत्यु नामसारी गर्ने क्रममा मृतक शेयरधनी को खाताबाट सम्बन्धित हकवालाको नाममा शेयर हस्तान्तरण गरे पश्चात् समेत बाँकी रहेको बोनस तथा लाभांश जस्ता लाभहरु पुनः मृतक शेयरधनीको नाममा जम्मा हुन आएको गुनासो प्राप्त भएको हुँदा मृत्यु नामसारी गरे पश्चात् मृत्यु हुने शेयरधनीको डिम्याट खाता अनिवार्य रुपमा बन्द गर्न हुन साथै आजको मिति सम्म बन्द नभएका उक्त डिम्याट खाताहरु धितोपत्र केन्द्रीय निक्षेप सेवा (तेस्रो संशोधन) विनियमावली, २०७५ को विनियम ११ बमोजिम (धितोपत्र धनीको मृत्यु पश्चात् हकवालामा सर्ने धितोपत्रको हस्तान्तरण गर्दा सो धितोपत्रसँग सम्बन्धित बोनस तथा लाभांश लगायतका लाभहरु समेत हकवालाको नाममा हस्तान्तरण हुने व्यवस्था गर्नु पर्नेछ) तहाँ निक्षेप सदस्य तथा शेयर रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधि ले यथाशीघ्र हकवालाको खातामा उक्त शेयर हस्तान्तरण गरी मृतकको खाता बन्द गर्न हुन अनुरोध छ ।

त्यसै गरी निक्षेप सदस्यहरुबाट Bo to Bo Transfer गर्ने क्रममा हितग्राहीहरुले आफ्नो पायक पर्ने ठाउँमा खाता खोली पहिला खोलिएको खाता बन्द गर्ने प्रयोजनको लागि Bo to Bo गर्ने गरिएकोमा तहाँ निक्षेप सदस्यबाट हस्तान्तरण गरी खाता बन्दको प्रक्रिया नगरेको पाईएकोले अब उप्रान्त सम्बन्धित निक्षेप सदस्यले हस्तान्तरण गर्ने खाता Bo to Bo Transfer भए पश्चात् उक्त हितग्राहीसँग खाता बन्दको फारम भराई Bo to Bo गरी खाता बन्द गर्नु हुन अनुरोध छ ।

साथै सम्बन्धित कार्यको लागि धितोपत्र केन्द्रिय निक्षेप सेवा विनियमावली, २०६८ बमोजिमको शुल्क मात्र लिन हुन अनुरोध छ ।

**बोधार्थः**

श्री नेपाल धितोपत्र बोर्ड, जावलाखेल ललितपुर ।

..........................

कन्चन सापकोटा

प्रमुख-कार्य संचालन विभाग

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल ।
Share Markets Commercial Complex, Putalisadak, Kathmandu, Nepal.
Tel.: +977-1-4238008/4216068/4240150, Fax: +977-1-4240357
Email: info@cdscnp.com, Website: www.cdscnp.com